संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति - २०६५ वैशाख १०**

---

## उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटद्वारा अध्यक्ष प्रचण्डसँग मानवअधिकारबारे छलफल

उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले संविधानसभा (संस)को निर्वाचनपछि मानवअधिकारका मुद्दाहरूबारे छलफल गर्न नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (नेकपा (माओवादी)) का अध्यक्ष प्रचण्डसँग मङ्गलबार भेट गर्नुभयो।

नेकपा (माओवादी)का नेताले समावेशी र महिला तथा सीमान्तकृत समुदायहरूमाथिको चिरकालीन भेदभावलाई अन्त्य गर्न कार्य गर्ने पार्टीको प्रतिबद्धतामाथि जोड दिनुभयो। अध्यक्ष प्रचण्डले विस्तृत शान्ति सम्झौता (सम्झौता) तथा सम्बद्ध सम्झौताहरूको खाकाभित्र रहेर सत्य निरूपण तथा मेलमिलाप आयोग (आयोग) तथा बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगको स्थापना गर्ने नेकपा (माओवादी))को प्रतिबद्धताको पुनःपुष्टि गर्नुभयो। उहाँले शान्ति प्रक्रियाको मानवअधिकारसम्बन्धी तत्त्वहरूका सम्बन्धमा उच्चायुक्तको कार्यालयको निरन्तरको सहायताको स्वागत गर्नुभयो।

नेकपा (माओवादी)का नेताले निर्वाचन प्रक्रियाका क्रममा नेकपा (माओवादी)का केही कार्यकर्ताद्वारा हिंसा तथा डरत्रास देखाउने कार्य गरिएको भन्नेबारे कार्यालयका प्रमुखका चिन्तालाई स्वीकार गर्नुभयो र दाङमा भएको नेकपा (माओवादी)का कार्यकर्ताहरूको हत्याबारे उच्चायुक्तको कार्यालयले गरेको अनुसन्धानबारे उहाँलाई जानकारी दिइयो। कार्यालयका प्रमुखले विगतका तथा चालु मानवअधिकार उल्लङ्घनका लागि न्यायिक जवाफदेहिताको मुद्दामा पनि जोड दिनुभयो।

कार्यालयका प्रमुखले पहिलो हुने निर्वाचित हुने निर्वाचनमा सीमान्तकृत समुदाय तथा महिलाको राजनीतिक प्रतिनिधित्वमा महत्त्वपूर्ण सुधार आएको उल्लेख गर्नुभयो। "म नेकपा (माओवादी) तथा अन्य राजनीतिक दलहरूलाई आफ्ना बन्द सूचीबाट स्थान छुट्याउँदा सो प्रवृत्तिलाई थप बल प्रदान गर्न प्रोत्साहन गर्दछु", रिचर्ड बेनेटले भन्नुभयो। "नेपालको संविधानको मस्यौदा गर्ने संविधानसभामा यी समुदायलाई समावेश गराउने कार्य भेदभावविरुद्ध लड्ने एउटा अत्यावश्यक कदम हो।"